नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर

प्र.जि.अ. निवास - ०४४ -५२०१५५
कार्यालय - ०४४ -५२०१७७
- ०४४ -५२००५५

पत्र संख्या -
च.नं. -

मिति: २०८३/०३/०९ गते

## मोहरम को मुवारकवाद तथा अमन-चयन कायम राख्ने सम्बन्धी

## जरुरी सूचना

आसन्न इस्लाम धर्मावलम्बीहरूको ऐतिहासिक एवं पवित्र महिना **'मोहरम'** को मुवारक अवसरमा महोत्तरी जिल्लास्थित बसोबास गर्नुहुने सम्पूर्ण आदरणीय मुस्लिम दाजुभाइ, दिदीबहिनी तथा आमा-बुबाहरूमा यस जिल्ला प्रशासन कार्यालय, महोत्तरी हार्दिक **मुवारकवाद तथा शुभकामना** व्यक्त गर्दछ ।

यो ऐतिहासिक पर्व मनाउने क्रममा सार्वजनिक बाटो, चोक वा बस्तीहरूमा विना अनुमति घातक हतियार/शस्त्र प्रदर्शन गर्ने, **सवारी** साधन एवं आवतजावतमा अवरोध (खलल) पुऱ्याउने, हुलहुज्जत **गर्ने** वा सामाजिक भाइचारा र सौहार्दतामा आँच आउने जस्ता कुनै पनि गैरकानुनी र अवाञ्छित कार्य नगर्न/नगराउन हुन अनुरोध छ। सम्पूर्ण धार्मिक परम्परा र रीतिरिवाजहरू अत्यन्तै सभ्य, शान्तिपूर्ण, **मर्यादित** र अनुशासित ढङ्गले मनाउनु हुन यस कार्यालय सम्पूर्ण इस्लाम धर्मावलम्बी दाजुभाइहरूमा हार्दिक अपिल गर्दछ।

पर्वको आडमा अमन-चयन र सामाजिक भाइचारा बिगार्ने, कानुन विपरितका कार्य गर्ने वा हतियार प्रदर्शन गरी भयको वातावरण सिर्जना गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही अगाडि बढाइने ब्यहोरा समेत जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, महोत्तरी**
**जलेश्वर**